जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३३ अंक २४४ २०८१ साल बैशाख २२ गते शनिबार (4 May 2024 Saturday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : विश्व प्रेस स्वतन्त्रता दिवसको... ३ पृष्ठमा : वातावरण संरक्षणका लागि ... ३ पृष्ठमा : दुबईमा पुनः भारी वर्षा,...

# चिम्टी अग्निपीडितलाई सहयोग गर्ने हातहरु बढ्दै



**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख ।**

चिम्टी अग्निपीडितलाई शुक्रबार विभिन्न संघसंस्थाले राहत प्रदान गरेका छन् ।

गत मंगलबार सप्तरीको महादेवा गाउँपालिका १ चिम्टीमा भिषण आगलागि हुँदा त्यहाका ४६ परिवारको घर जलेर खरानी भएको थियो ।

आगलागिमा उनीहरुको सर्वस्व गुमेपछि उनीहरुको आहतमा राहतका लागि सहयोगि हातहरु बढ्न थालेका छन् ।

यसैक्रममा अग्निपीडित परिवारलाई नेपाल-भारत मैत्री संघ केन्द्रिय कार्यालयको तर्फबाट शुक्रबार विभिन्न राहत सामग्री प्रदान गरिएको छ ।

प्रत्येक परिवारलाई एक एक थान लुंगी, साडी, तन्ना, झुल, भेष्ट, पेन्ट राहत स्वरुप प्रदान गरिएको हो ।

त्यस्तै प्रतिपरिवार चामल १० केजी, दाल २ केजी, नुन र चिनी १/१ केजी भूजा ३ केजी, स्कुल ब्याग, गन्जी, कट्टु लगायतका राहत सामग्री वितरण गरिएको नेपाल-भारत मैत्री संघ सप्तरीका अध्यक्ष मनोज कुमार मुन्धडाले जानकारी दिएका छन् ।

संघका केन्द्रिय कार्यवाहक अध्यक्ष शैलेन्द्र मोहन झा, महासचिव बोधकृष्ण सुबेदी, संघका उदयपुरकी अध्यक्ष श्रीमती करुणा झा लगायतले अग्निपीडितहरुलाई राहत वितरण गरेको उनले बताए ।

यसैगरी नेपाल मुस्लिम समाज सेवा सप्तरीले पनि शुक्रबारै अग्निपीडितहरुलाई हन्डी, कराही, डाडु, बाल्टीन, जग, ग्लास, प्लेट, चम्चा लगायतका राहत सामग्री वितरण गरेको नेपाल मुस्लिम समाज सेवा सप्तरीका उपाध्यक्ष अफरोज आलमले जानकारी दिए ।

# परिक्षा दिएर घर फर्किंदै गरेकी छात्रामाथि आक्रमण

**दैनिक समाचारदाता**
**झापा, २१ बैशाख ।**

झापामा कक्षा १२ को परीक्षा दिएर घर फर्किंदै गरेकी एक छात्रामाथि शुक्रबार आक्रमण भएको छ ।

आक्रमणमा परेर १८ वर्षकी एनिका अधिकारी घाइते भएको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी कृष्ण चन्दले जानकारी दिए । उनलाई दमकस्थित लाइफ लाइन अस्पतालमा उपचारका लागि पठाइएको छ ।

अधिकारी दमकको हिमालय माध्यमिक विद्यालयमा अध्ययनरत रहेको प्रहरीले जनाएको छ । अधिकारीको पेटमा गोलीको छर्रा जस्ता वस्तु लागेको छ ।

प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाका अनुसार उनको शरीरका दुई ठाउँमा चोट देखिएको र प्रारम्भिक अनुसन्धानका क्रममा प्रहरी गोली लागेको करिब निष्कर्षमा पुगेको छ ।

आक्रमणकारीको पहिचान भइसकेको र नाका सिल गरेर खोजी जारी रहेको उनको भनाई छ । उनको अवस्था सामान्य रहेको र पेटमा डढेको, दबेको, ददारिएको जस्तो चोट देखिएको प्रहरीले जनाएको छ । अधिकारीको कपडामा गोलीजस्तो देखिने वस्तु फेला परेको प्रहरीको भनाइ छ ।

# देशभरि बालबालिकालाई पोलियोविरुद्ध खोप लगाइँदै

काठमाडौं, २१ वैशाख ( रासस) ।

सरकारले बालबालिकालाई पोलियो रोगविरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ ।

आगामी जेठ १३ गतेदेखि पोलियो रोगविरुद्धको खोप 'आइपिभी' अभियान सञ्चालन गर्ने भएको हो । यसअघि खोप लगाउन छुटेका बालबालिकाले अभियानमा खोप लगाउन पाउनेछन् ।

स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले पोलियो रोगबाट बचाउन देशभरिका करिब १४ लाख ६२ हजार बालबालिकालाई पोलियो रोगविरुद्धको खोप 'आइपिभी' लगाइने जानकारी दिनुभयो ।

उहाँले पोलियो रोगको सङ्क्रमण अझै देखिएकाले अभियान सञ्चालन गर्न लागिएको बताउनुभयो । उहाँका अनुसार विसं २०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका बालबालिकालाई उक्त खोप लगाउन लागिएको हो ।

सन् २०१६ देखि २०१८ को बीचमा उक्त 'आइपिभी' खोप उत्पादन हुन नसकेपछि ती उमेर समूहका बालबालिका खोप लगाउनबाट छुटेका थिए । खोप अभियानका लागि ग्लोबल एलाएन्स फर भ्याक्सिन एण्ड इमुनाइजेसन (गाभी)ले रु ३२ करोड बराबरको खोप उपलब्ध गराएको विभागले जनाएको छ ।

"नियमित रुपमा ती बालबालिकालाई लगाइने पोलियोविरुद्धको खोप गाभीले त्यतिबेला उपलब्ध गराउन सकेको थिएन", उहाँले भन्नुभयो, "अहिले फेरि खोप उपलब्ध गराएपछि लगाउने तयारी गरिएको हो ।"

नियमिततर्फ पोलियोविरुद्ध छ हप्ता, १० हप्ता र १४ हप्ताका बालबालिकालाई मुखबाट थोपा तथा १४ हप्ता र नौ महिनासम्मका बालबालिकालाई खोप लगाइन्छ ।

दुई सातासम्म चल्ने अभियानमा पोलियोविरुद्धको खोप 'आइपिभी' दिइने जनाइएको छ । सरकारले सन् २०२६ सम्म पोलियो उन्मूलन गर्ने लक्ष्य राखेको छ ।



जल तथा मौसम विज्ञान विभागले तापक्रम बढेसँगै तराईका जिल्लाहरुमा तातोहावा लु चल्न सक्ने सम्भावना रहेको र यसले स्वास्थ्यमा असर पार्न सक्ने भएकाले सचेत रही सुरक्षाका उपायहरु अपनाउन अनुरोध गर्दछौं ।

तातोहावा लु बारे बुझौं र बच्न सुरक्षाका उपायहरू अपनाऔं ।

तातो हावा तथा लु लाग्दाका असरहरू
- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने

गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं। उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं।

अनुरोधकर्ता
कंचनरुप नगर कार्यपालिकाको कार्यालय, सप्तरी

लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,
- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेले नटोकोस भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विश्व प्रेस स्वतन्त्रता दिवसको सान्दर्भिकता

**विपुल पोखरेल**

काठमाडौं, २१ वैशाख (रासस)।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले आज संसारभर उत्सव मनाउँदै छन्। युनेस्कोले सन् १९९३ देखि मे ३ लाई विश्व प्रेस स्वतन्त्रता दिवसका रुपमा मनाउने प्रस्ताव गरेअनुसार आजको दिनलाई उत्सवको रुपमा मनाउन थालिएको हो।

सन् १९९१ मा यसै दिन युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक शहरमा पत्रकारहरूको सम्मेलन भएको थियो। 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विन्डहक घोषणापत्र'मा प्रेस तथा अभिव्यक्ति स्वन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो। स्वतन्त्र प्रेसका पक्षमा त्यो सम्मेलनले आफूलाई प्रष्टरूपमा उभ्याएको थियो।

प्रेस स्वतन्त्रताका पक्षमा लडाइँ लड्ने योद्धाहरूप्रति सम्मान गर्ने, उनीहरूको योगदानको चर्चापरिचर्चा गर्ने, प्रेस स्वतन्त्रताको पक्षमा थप प्रतिबद्धता जनाउने र प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ अगाडि कसरी लैजाने भन्ने सन्दर्भमा अन्तर्क्रियाहरू गर्ने गरिन्छ। प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्त, विश्वभर र आफ्नो देशभित्रको प्रेस स्वतन्त्रताको समग्र अवस्थाको समीक्षा, प्रेस स्वतन्त्रता हनन, स्वतन्त्रताको प्रतिरक्षा एवं पत्रकारिता पेसा निर्वाहको क्रममा जीवन उत्सर्ग गर्नेहरूप्रति श्रद्धा व्यक्त गर्ने यो दिनको विशेष महत्व छ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ मात्र नभएर शासन प्रणालीलाई पारदर्शी र जनउत्तरदायी बनाउन पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। युनेस्कोले यस वर्ष पत्रकारितालाई बिग्रिँदो वैश्विक वातावरणप्रतिको चिन्तासँग जोड्दै 'पृथ्वीका लागि प्रेसः वातावरणीय सङ्कटको युगमा पत्रकारिता' भन्ने नारा तय गरेको छ। यस वर्षको नाराबाट संसारको पत्रकारिता यस दिशामा प्रेरित हुनेछ र हुनुपर्छ। यो नारा तय गर्नुको पछाडि पत्रकारिता सिङ्गो मानव जातिको हितमा उभिँदै गर्दा उनीहरूको बासस्थानको संरक्षणका विषयमा पनि चर्चा परिचर्चा चल्नुपर्छ भन्ने अपेक्षा छिपेको सहजै बुझ्न सकिन्छ।

**महासङ्घको पहल**

विश्व प्रेस स्वतन्त्रता दिवसको महत्वलाई अझ झल्काउने गरी नेपाल पत्रकार महासङ्घले आज आफ्नो महाधिवेशनको आयोजना गरेको छ। महाधिवेशनलाई पत्रकारिताका विषयमा अझ व्यापक छलफल गर्ने थलो बनाउने र नयाँ नेतृत्वका लागि त्यसको एक महिनापछि मात्रै निर्वाचन गर्ने वैधानिक व्यवस्था गरिएको छ। आजको दिनमा देशभरबाट जुटेका पत्रकारहरूले महाधिवेशनको थलोमा पत्रकारिताका विविध पक्षहरूमाथि चर्चा हुनुको साथै वर्षभरिको प्रेस स्वतन्त्रताको अवस्थाको समीक्षा गर्दै अब कसरी अगाडि बढ्ने भन्नेबारेमा समेत गम्भीर मन्थन हुने नै छ।

बदलिँदो समयसँगै नेपाली पत्रकारिता क्षेत्रमा पनि नयाँ चुनौतीहरू थपिँदै गएका छन्। इन्टरनेटको विकाससँगै शुरु भएको डिजिटल पत्रकारिता आजको मुख्य चुनौती र अवसरबीच सङ्घर्षरत छ। विश्वव्यापीरुपमा देखिएको आर्थिक सङ्कट, प्रविधिको विकासले पत्रकारिता क्षेत्रमा नयाँ नयाँ चुनौती देखिएका छन्। श्रमजीवी पत्रकार ऐन, २०५१ को पूर्ण पालना नहुँदा पत्रकारहरू पारिश्रमिकबाट वञ्चित छन्। महासङ्घले पत्रकारहरुको हकहित र पेसागत सुरक्षामा विभिन्न पहल कदम गर्दै आएको छ।

नेपालमा मे ३ सन् २०२३ देखि अप्रिल २६ सन् २०२४ प्रेस स्वतन्त्रता हननका ६२ वटा घटना भएका छन्। गत वर्ष यही अवधिमा प्रेस स्वतन्त्रता हननका ५५ वटा र मे ३ सन् २०२१ देखि २०२२ को अवधिमा ७५ वटा घटनाहरू अभिलेख भएका थिए। ६२ वटा घटनामा १६८ जना पत्रकार र दुई सञ्चार संस्था गरी १७० पीडित भएका छन्। नेपाल पत्रकार महासङ्घ, सञ्चार अनुगमन एकाइमा अभिलेख भएअनुसार यी घटनाहरूमा यो एक वर्षको अवधिमा पत्रकार गिरफ्तारका दुई घटना भएका छन्। कब्जा तथा अवरोधका तीन, पत्रकारमाथि दुर्व्यवहार तथा धम्कीका २९, आक्रमणका १४ वटा घटना भएका छन्। यस्तै पेसागत असुरक्षाका १४ वटा घटना भएका छन्।

यसबाट ९३ जना पत्रकार र आठ सञ्चार संस्था गरी १०१ पीडित भएका छन्। महासङ्घको सञ्चार अनुगमन एकाइमा अभिलेख भएअनुसार यी घटनाहरूमा यो एक वर्षको अवधिमा पत्रकार गिरफ्तारका दुई घटना भएका छन्। कब्जा अवरोधका सात, दुर्व्यवहार तथा धम्कीका २४, आक्रमणका ११ वटा घटना भएका छन्। यस्तै लैङ्गिक हिंसाका दुई, विस्थापन एक र पेसागत असुरक्षाका ५५ वटा घटना भएका छन्।

त्यस्तै नेपाल पत्रकार महासङ्घले श्रम समस्यासम्बन्धी उजुरीलाई अध्ययन गरी सम्बन्धित सञ्चारगृहमा पत्राचार, छलफल, दबाबमूलक कार्यक्रममार्फत हल गर्ने गरेको छ। महासङ्घले संवाद, दबाब र न्यायिक मोर्चाबाट श्रमको समस्यालाई सम्बोधन गर्ने अभ्यास पनि गर्दै आएको छ। यसबाट सफलता पनि मिलेको छ। अदालतको आदेशका आधारमा पछिल्लो तीन वर्षको अवधिमा रु दुई करोडभन्दा बढी रकम श्रमजीवी पत्रकारहरुलाई प्राप्त भएको छ। पत्रकारलाई न्यायिक सेवासमेत दिँदै आएको छ।

**पत्रकारिताका चुनौती**

इन्टरनेटको बढ्दो प्रयोगसँगै प्रेसले विभिन्न प्रकारका चुनौतीहरू र अवसरहरूसँग समेत आफूलाई साक्षात्कार गराएको छ। यसैगरी डिजिटल मिडिया प्लेटफर्मको विकासले परम्परागत मिडियामाथि चुनौती थपिनुका साथै प्रेसको विश्वसनीयतामाथि नै प्रश्नहरु उठ्न थालेका छन्। आर्टिफिसिएल इन्टेलिजेन्स (एआई)को प्रयोगले पत्रकारितालाई कस्तो असर पुराउने हो ? भन्ने प्रश्नको जवाफको प्रतीक्षा गर्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा अत्यन्तै सचेतताका साथ पत्रकारितालाई निरन्तरता दिनु समयको माग भएको छ। यससँग सामना गर्न सामूहिक प्रतिबद्धताको खाँचो छ। यसका लागि पनि आजको दिनले हामीलाई प्रेरणा प्रदान गर्नेछ। महासङ्घले सुरु गरेको फ्रि मिडिया नेटवर्कजस्ता सञ्जालहरूमार्फत मिडिया र नागरिक समाजका बीचमा नियमित अन्तरक्रिया गर्दा पनि प्रेससँग नागरिकका अपेक्षा बुझ्ने र तदनुकूलको पत्रकारिता गर्ने प्रतिबद्धता जनाउनका लागि उपयुक्त मञ्च निर्माण हुने गरेको छ।

संविधानले ग्यारेण्टी गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई पत्रकारिताका हरेक अभ्यासमा पनि महसुस गर्नसक्ने बनाउनका लागि आवश्यक कानुन निर्माण गर्ने कुरालाई पनि उत्तिकै प्राथमिकतामा राख्न जरुरी छ। मुलुकले संविधानसभामार्फत निर्मित संविधानको आधारमा सङ्घीयताको अभ्यास थालेको पनि आठ वर्ष बितिसकेको छ। तर, यतिका अवधि भइसक्दा पनि अझै नेपालको पत्रकारिता क्षेत्रसँग सम्बन्धित कानुनहरू निर्माण हुन सकिरहेका छैनन्। आवश्यक सञ्चारमैत्री कानुन निर्माणका लागि अझै पनि पैरवी जारी राख्नुपर्ने अवस्था कायम छ। समय समयमा सरकारले जारी गरेका निर्देशन र हालै सम्मानित सर्वोच्च अदालतले दिएको एउटा आदेशले हामीलाई स्वतन्त्रताको मुद्दामा अझै चनाखो भएर उभिनुपर्ने आवश्यकता बोध गराएको छ।

एकातर्फ आमसञ्चार नीति २०७३ को कार्यान्वयनका लागि कानुनको अभाव छ, जसले गर्दा सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्थाले परिकल्पना गरेको जस्तो पत्रकारिता क्षेत्रलाई अगाडि बढाउन सकिएको छैन। अर्कोतर्फ कानुनको अभावले गर्दा राज्यका संयन्त्रहरुले पत्रकारितालाई कमजोर बनाउने गरी कदम अगाडि बढाउने गर्दछ। अभिव्यक्ति स्वतन्त्रता र मिडिया स्वतन्त्रता कुण्ठित हुँदा हाम्रा सबै स्वतन्त्रताहरू जोखिममा परेको र पत्रकारहरु नै सडकमा राजनीतिक मुद्दा बोकेर उत्रनु परेका कैयौँ उदाहरण हामीसँग छन्। तसर्थ, पत्रकारिता क्षेत्रमा प्रयोग हुँदै आएका नवीन आयाम र प्रविधिको सदुपयोग गर्दै अगाडि बढ्नुपर्ने चुनौती समेतलाई सम्बोधन गर्ने गरी कानुनहरू निर्माण गरेर अगाडि बढ्नुपर्ने दायित्व यतिबेला हाम्रो काँधमा आएको छ।

अघिल्लो संसदमा पेस गर्नका लागि बनाइएका कानुनका मस्यौदाहरूलाई परिमार्जन गरेर नयाँ संसद्मा पेस गर्नका लागि सरकारलाई दबाब दिँदै हामीले खोजेको जस्तो कानुन निर्माणको सुनिश्चितताका लागि काम गर्नुपर्नेछ। प्रेस स्वतन्त्रताका सन्दर्भमा राज्य र राजनीतिक शक्ति अझै पनि अनुदार रहेको पृष्ठभूमि छ। सञ्चारसँग सम्बन्धित कानुन र मुद्दाहरू सरकार र संसद्को प्राथमिकतामा छैनन् भन्ने तथ्यलाई आत्मसात् गर्दै महासङ्घले आफ्ना रणनीतिहरु निर्माण गर्दै अगाडि बढाइरहेको छ।

प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा हैन, नागरिकहरूको सुसूचित हुन पाउने संवैधानिक हकलाई प्रचलनमा ल्याउनका लागि पनि प्रेस स्वतन्त्रता अनिवार्य हुन्छ। त्यतिमात्र हैन प्रेस स्वतन्त्रता समग्र समाजको लोकतान्त्रिकीकरणको अभियानको एउटा महत्वपूर्ण अङ्ग पनि हो। नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिएको भए तापनि व्यवहारमा त्यसअनुरूप वातावरण बन्नसकेको छैन। अन्त्यमा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निर्भीकतापूर्वक उभिई पत्रकारिताको माध्यमबाट राष्ट्र र समाजको हितमा काम गर्न र दृढतापूर्वक उभिने उत्प्रेरणा मिलोस्। *(लेखक नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष हुनुहुन्छ)*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

# वातावरण संरक्षणका लागि आवश्यक छ 'प्रेस स्वतन्त्रता'

धर्मेन्द्र झा
काठमाडौं, २१ वैशाख (रासस)।

विश्वभर अहिले प्रेस स्वतन्त्रताका बारेमा चर्चा चलिरहेको छ। प्रत्येक वर्ष मे ३ का दिन औपचारिक रुपमा विश्वभर यो दिवस मनाउने गरिन्छ। मे ३ का छेउछाउका दिनमा यसै दिवससँग सम्बन्धित कार्यक्रमको आयोजना गर्ने गरिन्छ। स्वभाविक रुपमा नेपाल पनि अपवाद छैन। नेपालमा पनि पछिल्ला वर्षहरुमा यो दिवस मनाउन थालिएको छ। सरकारीस्तरबाट नमनाइए पनि गैरसरकारी स्तरबाट भने नेपालमा यो दिवस सन् १९९५ देखि नै मनाउन थालिएको हो। नेपालमा पनि मे ३ का अवसरमा विविध कार्यक्रमहरु आयोजना गर्ने गरिएका छन्। वर्षभरिका प्रेस स्वतन्त्रताका उल्लङ्घनका घटनालाई सम्झिने र स्वतन्त्र प्रेसको अवस्थाको मूल्याङ्कन गर्ने दिनका रुपमा पनि मे ३ महत्वपूर्ण छ। तर सोचनीय के छ भने एक दिन सम्झिने र त्यसपछि खासै क्रियाशील नहुने अवस्थाका आधारमा कति उपलब्धि प्राप्त गर्न सकिएला ? नेपालको सन्दर्भमा पनि धेरथोर यस्तै अवस्था विद्यमान छ भनियो भने अन्यथा हुने छैन।

नामिबियाको विण्डहक सहरमा सन १९९१ मा सम्पन्न अफ्रिकाका पत्रकारहरुको सम्मेलनले मे ३ का दिन स्वतन्त्र प्रेसका सम्बन्धमा एक घोषणापत्र जारी गरेको दिनलाई संयुक्त राष्ट्र सङ्घको आह्वानमा १९९३ देखि विश्व प्रेस स्वतन्त्रता दिवसका रुपमा विश्वभर मनाउन थालिएको हो। चिली र युनस्कोले यस पटक ३१ औं विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा एक सम्मेलनको आयोजना गरिरहेका छन्। यो दिवस मनाउने सन्दर्भमा युनेस्कोले प्रत्येक वर्ष नारा तय गर्दछ। युनेस्कोले यस वर्षअर्थात् सन् २०२४ का लागि *प्रेस फोर द प्लानेट : जर्नलिज्म इन द फेस अफ द इनभायरोमेन्टल क्राइसिस* भन्ने विषय तय गरेको छ। नेपाल पत्रकार महासङ्घले नेपालीमा यसको अनौपचारिक अनुवाद *पृथ्वीका लागि प्रेस : वातावरणीय सङ्कटका समयमा पत्रकारिता* भनेर गरेको छ। यस पटकको यो दिवस वर्तमान वैश्विक वातावरण सङ्कटका समयमा पत्रकारिताको महत्वका सन्दर्भमा समर्पित छ। हो, पछिल्लो समयमा विश्वमा वातावरणीय समस्या क्रमशः चुलिँदै गएको छ। जलवायु परिवर्तन विश्व सरोकारको विषय बनेको छ। संयुक्त राष्ट्र सङ्घजस्ता संस्थाले पनि यस विषयलाई प्राथमिकतामा राखेको निकै भइसकेको छ।

केही महिना पहिले नेपाल भ्रमणमा रहनुभएका संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टिनिओ गुटेरेसले पनि नेपालका हिमालहरुलाई जोड्दै जलवायु परिवर्तनका सम्बन्धमा व्यक्त गर्नुभएको अभिव्यक्ति स्वयम्मा महत्वपूर्ण छ। यसै विषयमा बर्सेनि विश्व सम्मेलनहरु आयोजन हुने गरेका छन्। अहिले विश्वभरि नै प्राकृतिक सम्पदाको दोहन आफू अनुकूल गर्ने प्रवृत्ति बढ्दो छ।

विश्वका सर्वोच्च शिखर सगरमाथालगायतका हिमालका हिउँ पग्लने र हिउँ नै नपर्ने समस्या अब नौलो रहेन। नदीका जल सतह बढ्ने वा घट्ने कुरा पनि अब नयाँ रहेन। युएईमा यस वर्ष परेको वर्षाले त्यहाँ बाढीको विभिषिका निम्त्यायो। नेपालको तराई भूमिमा जमिनमुनिको पानीको सतह दिनहुँ तल गइरहेको छ,। विगत एक सय ७० वर्षमा गत वर्ष २०२३ सर्वाधिक तातो वर्ष रहेको अध्ययनहरुले दाबी गरिरहेको छ। मालदिभ्सजस्ता केही देशको भविष्य सङ्कटाभिमुख छ। यस्ता अनेक उदाहरण छन्, जसका आधारमा विश्वमा वातावरणीय सङ्कटका परिणाम मानव सभ्यताका सामु देखा परिरहेको मान्न सकस छैन। तर यति हुँदाहुँदै पनि मानव सभ्यता विद्यमान सङ्कटप्रति गम्भीर भएको पाइँदैन। वातावरणमा देखिएको यो सङ्कट समाधानका दिशामा वर्तमान पुस्ताले गम्भीरता देखाउन सकेन भने यो पुस्ताले भावी पुस्तालाई यो पृथ्वी यहीरुपमा हस्तान्तरण गर्न सम्भव छैन। यो भनेको भावी पुस्ताप्रतिको गैरजिम्मेवार दायित्व निर्वहन हो।

यस पृष्ठभूमिमा युनेस्कोले यस वर्ष उठान गरेको विषय अत्यन्त सान्दर्भिक रहेको मान्न सकिन्छ। सूचना सम्प्रेषणलगायतका पत्रकारिताका धेरै कार्यमध्ये एक महत्वपूर्ण कार्य हो शिक्षाको प्रसार वा जनचेतनाको जागृति। युनेस्कोले चयन गरेको विषयको महत्व पत्रकारिताको यसै कार्यसँग सम्बद्ध छ। वातावरणीय सङ्कटसँग जुधिरहेको पृथ्वीको रक्षाको गुरुत्तर दायित्व पत्रकारिताको काँधमाथि छ। पत्रकारिताले वातावरण संरक्षणको षिषयलाई विश्वव्यापी एजेण्डा बनाएर स्वतन्त्र प्रेसको दायित्व निर्वाह गरोस् भन्ने पनि युनेस्कोले आफ्नो नारामार्फत सन्देश दिन चाहेको भनेर बुझ्नु गलत हुने छैन।

पछिल्लो विश्वमा पत्रकारिताको सामाजिक उत्तरदायित्वको सिद्धान्त निकै लोकप्रिय मानिन्छ। निश्चित पनि वातावरणीय मुद्दा उठानका विषय पनि सामाजिक उत्तरदायित्व निर्वहनकै अन्तर्गत पर्ने कुरामा विमति हुन सक्दैन। विश्व पत्रकारिता समुदायले पनि यो सत्य बुझ्न ढिला गर्नुहुँदैन। तर यो सिद्धान्त जतिसुकै लोकप्रिय भए पनि व्यवहारमा भने यसको इमान्दार अनुवाद भएको बिरलै मात्र पाइन्छ। यस सन्दर्भमा कार्बन उत्सर्जनको विषयलाई अत्यन्तै सशक्त उदाहरणका रुपमा प्रस्तुत गर्न सकिन्छ।

विश्वका विकसित राष्ट्रहरुले विकासका नाममा ठूलो मात्रामा कार्बन उत्सर्जन गरिरहेको कुराबाट विश्व समुदाय अनभिज्ञ छैन। यसबाट ती देशले त आर्थिक सम्पन्नता प्राप्त गरेका छन्। विडम्बना, अल्पविकसित साना राष्ट्रहरु यसको मारमा परिरहेका छन्। तर ती ठूला र विकसित देशमा कार्बन उत्सर्जनको मुद्दा त्यहाँको पत्रकारितामा वीरलैमात्र एजेण्डा बन्ने गरेको पाइन्छ। कुनै बेला हिउँले सेताम्मे हुने हिमालयमा कालो चट्टान देखिनु कार्बन उत्सर्जनको परिणाम पनि हो तर यो मुद्दा उठानमा पनि विकसित देशका मिडिया चुकेको पाइन्छ। हिमाल आरोहणको विषयलाई प्राथमिकतामा राख्ने ती मिडियाले हिमालको प्रदूषण र हिमनदीको अवस्थामा आएको परिवर्तनका कुरालाई खासै महत्व दिएको नदेखिन सक्छ।

माथि चर्चा गरिएका विषय प्रत्यक्षतः प्रेस स्वतन्त्रतासँग सम्बन्धित नदेखिन सक्छन। तर गहिरिएर हेर्दा र मिहीन ढङ्गले विश्लेषण गर्दा यो विषय पनि प्रेस स्वतन्त्रतासँग जोडिएको विषय हो भन्न कन्जुस्याइँ गर्नु आवश्यक छैन। एउटा प्रश्न उठ्न सक्छ, प्रभावशाली मानिएका देशका प्रभावशाली भनिएका मिडिया प्रायः यी विषयमा किन मौन बस्छन ? उत्तर थुप्रै हुन सक्ने सम्भावना छ। एउटा उत्तर के हुन सक्छ भने शायद ती मिडियाहरु यस्ता विषयको उठान गर्न स्वतन्त्र छैनन्।

आजको विश्वमा धन आर्जन गर्ने व्यवसायका रुपमा समेत परिचय बनाउन सकेको मिडियाको आफ्नो स्वार्थसँग पनि सायद यो विषय जोडिएको छ र सायद त्यसैले पत्रकारले यो विषय उठान गर्न चाहे पनि पत्रकारिताको संस्थाले यस्ता विषयलाई प्राथमिकतामा नराखेको हुन सक्छ। केही हदसम्म यो विषय समाचार कक्षको सम्पादकीय स्वतन्त्रतासँग पनि जोडिन पुग्छ। विज्ञापनको चम्किलो रातमा सायद मानव कल्याणको जुन ओझेलमा पर्छ। सन्ततिको भविष्य सुखमय बनाउन धन सङ्कलनमा तल्लीन वर्तमानका मिडिया सञ्चालक र जिम्मेवार राष्ट्रहरुले पृथ्वी-प्रकृतिको हस्तान्तरणबारे भने सायद सोच्न आवश्यक ठानेका छैनन्। यसो हो भने निश्चय पनि यो विषय प्रेस स्वतन्त्रतासँग जोडिन्छ र युनेस्कोले उठान गरेको विषय (नारा) स्वाभाविक रुपले सान्दर्भिक हुन पुग्दछ। *(लेखक झा, राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष र नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष हुनुहुन्छ)*

राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८०/०८१
च.न. १५८५

मिती :– २०८१।०१।१८

विषय:- सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.२ हाल १ बस्ने ताराबती तेलीनले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८१।०१।१८गते मा द.न.१४०९ को निवेदन दिएको हुदां सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने ब्यहोरा जानकारी गराइन्छ।

तमसिल

जिल्ला सप्तरी रा.वि.न.पा.वा.नं.२ हाल १ बस्ने ठकयिा तेलीननाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ३ | ५६१ | ०–१–० |
| सप्तरी | चनौरा पडरीया | ३ | १३५ | ०–१–० |
| सप्तरी | चनौरा पडरीया | ३ | ५६४ | ०–०–२ |
| सप्तरी | चनौरा पडरीया | ३ | ५६८ | ०–०–१९ |
| सप्तरी | चनौरा पडरीया | ३ | ३८० | ०–०–१ |
| सप्तरी | चनौरा पडरीया | ४ | १२०९ | ०–१–१ |
| सप्तरी | चनौरा पडरीया | ३ | ४४७ | ०–१–१० |

चन्द्र शेखर चौधर
वडा अध्यक्ष २०८१।१।१८
रा.बि.न.पा.वडा नं.-१

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.-१

विश्व समाचार

## दुबईमा पुनः भारी वर्षा, उडानहरू रद्द, विद्यालय तथा कार्यालय बन्द

अबुधाबी (युएई), २१ वैशाख (रासस/एएनआई)।

संयुक्त अरब इमिरेट्स (युएई) ले अप्रिलमा असामान्य बाढीको सामना गरेको केही दिनपछि पुनः भारी वर्षा भएको छ। असामान्य मौसमका कारण धेरै उडानहरू रद्द गरिएको छ भने मानिस तथा विद्यार्थीलाई घरबाटै काम तथा अध्ययन गर्न आग्रह गरिएको खालिज टाइम्सले रिपोर्ट गरेको छ। संयुक्त अरब इमिरेट्समा भारी वर्षा र आँधीबेहरीका कारण बिहीबार सुन्तला चेतावनी जारी गरिएको थियो। पछिल्लो केही दिनदेखि युएईले अस्थिर मौसमी लहरका लागि तयारी गरिरहेको छ। यसै क्रममा सबै क्षेत्रका मानिसलाई सुरक्षाका उपायहरू अपनाउन सल्लाह दिइएको छ। विद्यालयहरू दूर शिक्षामा छन् भने कम्पनीहरूलाई घरबाटै काम गर्न अनुमति दिन आग्रह गरिएको छ। पार्क तथा समुद्र तटहरू बन्द गरिएका छन्।

खालिज टाइम्सका अनुसार दुबईले इमिरेटमा अस्थिर मौसमका कारण मे २ र ३ मा सरकारी कर्मचारीहरूका लागि घरबाट काम गर्ने घोषणा गरेको थियो। युएईको विपद् व्यवस्थापन प्राधिकरणले आगामी मौसमी अवस्थालाई सामना गर्न तयारी दोहोर्याएको छ। सम्बन्धित एजेन्सीहरू उपायहरू कार्यान्वयन गरेर पूर्वानुमानित मौसमको उतारचढाव सामना गर्न तयार रहेको उल्लेख गरिएको छ। यसअघि एनसिएम विज्ञले आगामी मौसमको अवस्था अप्रिल १६ को जस्तो नहुने अनुमान गरेका छन्। अधिकारीहरूले आवश्यक सावधानीका उपायहरूबारे छलफल गरेका छन्। युएईले विद्यार्थीहरूले विद्यमान मौसमको कारण मे २ र ३ मा देशका सबै सरकारी विद्यालयहरूका लागि अनलाइन कक्षा लिने घोषणा गरेको छ। सरकारले सम्भावित अस्थिर मौसमी अवस्थाका कारण दुबईका सबै निजी विद्यालयमा मे २ र ३ मा अनलाइन सिकाइ हुने घोषणा गरेको छ। ज्ञान तथा मानव विकास प्राधिकरण (केएचडिए) ले यो निर्णय सबै निजी विद्यालय, नर्सरी र विश्वविद्यालयमा लागु हुने घोषणा गरेको छ। दुबई विमानस्थलका लागि पाँचवटा इनबाउन्ड उडान रातारात डाइभर्ट गरेको नौ आगमन तथा चार आउटबाउन्ड उडान रद्द गरेको विमानस्थलका प्रवक्तालाई उद्धृत गर्दै खालिज टाइम्सले जनाएको छ। विमानस्थलका प्रवक्ताले भन्नुभयो, "दुबईको विमानस्थलबाट प्रस्थान गर्नेहरूलाई लागि थप समय छुट्याउन सल्लाह दिइएको छ। सडक भीडभाडको पूर्वानुमान गर्दै सम्भावित टर्मिनल १ र ३ मा पुग्न दुबई मेट्रोको उपयोग गर्न दृढतापूर्वक प्रोत्साहित गरिएको छ।"

इमिरेट्सले बिहीबार युएईभर खराब मौसमका कारण धेरै उडान रद्द गरी दुबई अन्तर्राष्ट्रिय विमानस्थलमा उडान सञ्चालन कम गरेको छ। एक विज्ञप्तिमा मे २ मा दुबई विमानस्थलबाट आगमन-प्रस्थान गर्ने उडानहरू पुनःनिर्धारित भएका कारण केही ढिलाइ हुनसक्ने उल्लेख गरिएको छ। फ्लाईदुबईका प्रवक्ताले बिहीबार दुबईमा प्रतिकूल मौसमका कारण उडान सञ्चालनमा केही ढिलाइ भएको बताएको खालिज टाइम्सले उल्लेख गरेको छ। उहाँले यात्रुहरूलाई डीएक्सबीको यात्राका लागि अतिरिक्त समय दिन सल्लाह दिनुभयो। शारजहास्थित एयर अरेबियाले अबुधाबी, शारजाह र रास अल खैमाहबाट उडान गर्ने यात्रुहरूलाई मौसमको अवस्थाका कारण विमानस्थलमा थप यात्रा समयको योजना बनाउन सल्लाह दिएको छ। अबुधाबीस्थित इत्तेहाद एयरवेजले जायद अन्तर्राष्ट्रिय विमानस्थल र दुबईबीचको इत्तेहाद बस सेवा प्रयोग गर्ने यात्रुहरूलाई विमानस्थलमा पुग्न थप समय दिन तथा स्थानान्तरणका लागि चाँडै जाँच गर्न आग्रह गरेको छ। इन्डियन एयरलाइन्स इन्डिगोले दुबई, शारजाह, रास अल खैमाह र अबुधाबीमा खराब मौसमका कारण उडान सञ्चालन प्रभावित भएको बताएको छ। भिस्तारा र स्पाइसजेटले पनि खराब मौसमका कारण प्रस्थान, आगमन र उडानमा असर पर्ने बताएका छन्।

## चीनमा पाँच लाखभन्दा बढी अपाङ्गता भएका व्यक्ति नयाँ रोजगारीमा संलग्न

बेइजिङ, २१ वैशाख (रासस/सिन्ह्वा)।

चीनमा सन् २०२३ मा सहरी क्षेत्रमा एक लाख ५२ हजार र ग्रामीण क्षेत्रका तीन लाख ९२ हजार गरी कूल पाँच लाख ४४ हजार अपाङ्गता भएका व्यक्तिले रोजगारी पाएको चिनियाँ अपाङ्गता व्यक्ति महासङ्घले जनाएको छ। सन् २०२३ मा चीनमा नौ लाख ६० हजार प्रमाणित अपाङ्गता भएका व्यक्ति विभिन्न प्रकारका रोजगारीमा संलग्न रहेका थिए। यसमा सरकारको सहयोगमा रोजगारी, स्वरोजगार, आंशिक समयका लागि रोजगारी र सरकारले उपलब्ध गराएको जन कल्याणकारी रोजगारीहरू समावेश छन्।

यीमध्ये झण्डै आधा व्यक्ति कृषि उद्योगको खेती, प्रजनन र प्रशोधन क्षेत्रमा कार्यरत रहेको महासङ्घले जनाएको छ। महासङ्घले चीनभरका अधिकारी र संस्थाहरूले सन् २०२३ मा ग्रामीण क्षेत्रहरूमा कठिनाइमा बस्ने दुई लाख ५९ हजार अपाङ्गता भएका व्यक्तिलाई व्यावहारिक सीप तालिम प्रदान गरेको छ। सन् २०२३ मा चीनभर ११ हजार तीन सय ९३ दृष्टिविहीन व्यक्तिले गैर-मेडिकल मसाजर (मालिस गर्ने व्यक्ति) बन्नका लागि प्रशिक्षण प्राप्त गरेको र नौ हजार नौ सय ७० व्यक्तिले मेडिकल मसाजर बन्न तालिम प्राप्त गरेको महासङ्घले जनाएको छ।

# इन्टरनेट सेवा अवरूद्ध हुने कार्य नगर्न सेवा प्रदायकलाई सञ्चार मन्त्रालयको आग्रह

काठमाडौँ, २१ वैशाख (रासस)।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले देशभर इन्टरनेट सेवा प्रदान गर्दैआएका केही सेवा प्रदायकहरुले ‘ब्याण्डविथ’ खरिद वापतको विदेशी मुद्रा भुक्तानीको सिफारिस नहुँदा इन्टरनेट सेवाअवरुद्ध भएको प्रकाशित समाचाप्रति गम्भीर ध्यानाआर्कषण भएको जनाएको छ।

मन्त्रालयले शुक्रबार एक प्रेस विज्ञप्ती जारी गर्दै इन्टरनेटजस्तो अत्यावश्यक सेवा अवरूद्ध हुने गरी कोही कसैले कुनै कार्य नगर्न नगराउन सेवा प्रदायक निकायहरुलाई आग्रह गरेको हो। आम उपभोक्ताबाट अग्रिमरूपमा सङ्कलन गरेको महशुलबाट कानुनबमोजिम राज्यलाई तिर्न बुझाउनपर्ने ग्रामीण दूरसञ्चार विकास शुल्क तथा रोयल्टी रकम समयमा नबुझाइ अत्यावश्यक सेवा अवरूद्ध हुने गरी कोही कसैले कुनै कार्य नगर्न र नगराउन आग्रह गरेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणमा दर्ता भएका एक सय २२ वटा इन्टरनेट सेवा प्रदायकहरू र २३ वटा नेटवर्क सेवा प्रदायकमध्ये केही इन्टरनेट सेवा प्रदायकबाहेक अन्य दूरसञ्चार सेवा प्रदायकले नियमअनुसार तिर्नु बुझाउनुपर्ने शुल्क बुझाएका सेवा प्रदायकहरूको विदेशी मुद्रा सट्टा सिफारिस नेपाल दूरसञ्चार प्राधिकरणको सिफारिसमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने कानुनी व्यवस्थाबमोजिम नियमित सिफारिस भइरहेको पनि मन्त्रालयले जनाएको छ।

इन्टरनेट सेवा प्रदायकहरूले देशभित्र इन्टरनेट सेवा प्रदान गरेवापत ग्राहकबाट अग्रिम रूपमा महशुल लिने गरेको, यसरी लिएको महशुलबाट वार्षिक आयको दुई प्रतिशत ग्रामीण दूरसञ्चार विकास कोष र वार्षिक कूल आम्दानीको चार प्रतिशत रोयल्टी बुझाउनुपर्ने व्यवस्थाबारे पनि मन्त्रालयले पुन: स्मरण गराएको छ।

“इन्टरनेट सेवा प्रदायकहरूले देशभित्र इन्टरनेट सेवा प्रदान गरेवापत ग्राहकबाट अग्रिम रूपमा महशुल लिने गरेको, यसरी लिएको महशुलबाट वार्षिक आयको दुई प्रतिशत ग्रामीण दूरसञ्चार विकास कोष र वार्षिक कूल आम्दानीको चार प्रतिशत रोयल्टी बुझाउनुपर्ने व्यवस्था दूरसञ्चार ऐन, २०५३ को दफा ३० र दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा रहेको छ। नियमावलीको नियम २६ मा (१) नियम १० को उपनियम (५) र (६) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले गरेको वार्षिक कूल आम्दानीको चार प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनु पर्नेछ र सो अवधिभित्र नबुझाएमा बुझाउन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ”, विज्ञप्तिमा उल्लेख गरिएको छ।

उक्त व्यवस्थाअनुसारको सो शुल्क बुझाउन नेपाल दूरसञ्चार प्राधिकरणले सेवा प्रदायकहरूलाई पटक पटक अनुरोध गरिसकेको पनि विज्ञप्तिमा जनाइएको छ।

# वायु प्रदुषण बढेकाले सावधानी अपनाउन अपिल

काठमाडौँ, २१ वैशाख (रासस)।

वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागले डढेलो तथा आगलागीका घटनाहरु बढेसँगै केही दिनयता वायु प्रदूषणका कारण जन स्वास्थ्यमा असर परेको देखिएकाले त्यसबाट जोगिन अपिल गरेको छ।

वायु प्रदूषणका कारण आँखा पोल्ने, नाक चिलाउने, घाटी खसखसाउने, खोकी लाग्ने समस्या तुरुन्त देखिने गर्दछन् भने दीर्घकालीन रुपमा श्वास प्रश्वास, मुटु, गर्भावस्थामा जटिलतालगायतका विभिन्न स्वास्थ्य समस्या हुने गर्दछ।

यसले विशेष गरी वृद्धवृद्धा, बालबालिका, श्वासप्रश्वास, मुटु रोगी, दीर्घरोगी, साथै गर्भावस्थाका महिला बढी प्रभावित हुने भएकोले यस्तो बेला विशेष सावधानी अपनाउन विभागले सबैमा अपिल गरेको हो।

नेपालमा फागुन, चैत, वैशाख र जेठ महिनामा वायु प्रदूषण बढ्ने गरेको वातावरण विभागको वायु गुणस्तर मापन केन्द्रबाट प्राप्त तथ्याङ्कले देखाएको छ। यस अवधिमा विशेष गरी बढ्दो तापमान, कम सापेक्षित आद्रता र सुक्खा मौसमजस्ता प्राकृतिक कारणबाट हुने डढेलो, मानवीय कारणजस्तै फोहर तथा कृषि अवशेष जलाउँदा तथा उद्योग कलकारखाना, सवारी साधन, भौतिक निर्माण आदिबाट निस्कने प्रदूषित धुँवा धुलोबाट वायु प्रदूषण हुने गरेको पाइएको छ।

हाल देशका अधिकांश भूभागमा डढेलो तथा आगलागीका घटना बढिरहेको तथा डढेलोको कारणले जनधनको क्षतिका विवरण प्राप्त भइरहेका विभागले जनाएको छ।

भू-उपग्रहको तथ्याङ्क विश्लेषणबाट प्राप्त विवरणबमोजिम सन् २०२४ को सुरुआतदेखि हालसम्म एक हजार ६५३ डढेलो तथा आगलागीका घटना भएको देखिन्छ। पछिल्लो दिनमा डढेलो तथा आगलागीका घटना बढेसँगै नेपालको अधिकांश भूभागमा वायु प्रदूषण बढेको पाइएको छ।

प्रदूषण बढी भएका स्थानमा घर बाहिर निस्कदा सबै नागरिकले अनिवार्य रुपमा मास्कको प्रयोग गर्न तथा वायु प्रदूषण बढाउने किसिमका क्रियाकलापजस्तै फोहर बाल्ने, कृषिजन्य अवशेष बाल्नेलगायतका क्रियाकलाप नगर्नसमेत विभागको अनुरोध छ। सानो लापर्वाहीका कारण वन डढेलोले ठूलो क्षति पुऱ्याउन सक्ने भएकाले सचेत हुनका साथै वन डढेलो नियन्त्रणका लागि जिम्मेवार निकायले सक्रियता बढाउन तथा सरोकारवाला निकायसँग हातेमालो समेत गर्नुहुन आम समुदायलाई विभागले अपिल गरेको छ।

भर्ना खुल्यो। भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
“गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता”

हाम्रो विशेषताहरु
- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ।
- Monthly Test को व्यवस्था भएको।

सम्पर्क फोन नं. ०३१-५९०१९२
मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)
मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१




अनुरोधकर्ता
शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*